# गौर नगरपालिका
Gaur Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

गौर, रौतहट
Gaur,Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal


पत्रसंख्या/ Ref.No:-०८२/०८३
चलानी नं./Dispatch No.:- 2058

मिति/Date:२०८३/०३/१०
ने.सं.११४६

विषयः- चालु आ.व.को भुक्तानी र खाता बन्द हुने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
श्री विषयगत शाखा सबै,
श्री निर्माण व्यवसायी सबै,
श्री उपभोक्ता समिति सबै,
श्री सरोकारवाला संघ/संस्था सबै ।

उपर्युक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० (१) बमोजिम भुक्तानी दिनु पर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी निकासा भुक्तानी बन्द गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ । साथै आर्थिक वर्षको अन्त्यमा कामको चाप बढी हुने, अधिक प्रयोगका कारण स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली पनि डाउन रहने, भुक्तानीबाट कट्टी भएका करहरु समयमा नै दाखिला गरि सक्नु पर्ने, खर्च भई बाँकी रहेको रकम संघीय तथा प्रदेश सरकारलाई तोकिएको समय भित्रै फिर्ता गरी प्रतिवेदन पठाउनु पर्ने र आर्थिक वर्ष भित्र भए गरेका आर्थिक कारोबारहरुको हिसाब मिलान गरी कोष तथा लेखा नियन्त्रक कार्यालयलाई पठाउनु पर्ने भएको हुदाँ यस नगरपालिकाबाट संचालित सम्पूर्ण योजना तथा कार्यक्रमहरु मिति २०८३/०३/२० गते भित्र भुक्तानी लिई सक्ने गरी समयमानै आवश्यक कागजात तथा विल भर्पाईहरु प्रमाणित गरी पेश गर्नु हुन अनुरोध छ । समयमानै कागजात पेश नगरी भुक्तानी प्रकृयाको क्रममा प्रणाली अवरुद्ध भएमा वा खाता बन्द भएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत सम्बन्धित सरोकारवाला सबैमा जानकारीको लागि अनुरोध छ ।

२०८३/०३/१०

**विष्णु प्रसाद पौडेल**
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

बोधार्थ
श्री अर्थ मन्त्रालय, सिंहदरवार,काठमाण्डौ ।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,मधेश प्रदेश,जनकपुरधाम धनुषा ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, रौतहट ।
श्री नगरप्रमुखको सचिवालय/नगर उपप्रमुखको सचिवालय गौर नगरपालिका ।



CamScanner